# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम,नेपाल,चैत १४ गते,२०७८साल अतिरिक्ताङ्क १२

भाग १

## मधेश प्रदेश सरकार

## कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय

## जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

## सम्वत् २०७८ सालको ऐन नं०७

<u>प्रस्तावना</u>ः प्रदेशभित्र सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्न जाँचबुझ आयोगको गठन र त्यस्ता आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले जाँचबुझ आयोगको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई सम्झनुपर्छ । सो शब्दले साविकको पुनरावेदन अदालतलाई समेत जनाउनेछ ।

(ग) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको आयोग सम्झनुपर्छ।

(घ) "तोकिएको" वा" तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "प्रचलित कानून" भन्नाले विषयसँग सम्बन्धित संघीय वा प्रदेश कानूनलाई सम्झनुपर्छ ।

(च) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेश सरकारलाई सम्झनुपर्छ ।

(छ) "प्रमाण" भन्नाले जाँचबुझ आयोगले घटना जाँचबुझको सिलसिलामा घटनासँग सम्बन्धित संकलन गरिएका प्रमाणहरुलाई सम्झनुपर्छ । सो शब्दले मौकाको मुचुल्का, सार्वजनिक मुचुल्का तथा साक्षी प्रमाण समेतलाई जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले जाँचबुझ आयोगको सदस्य सम्झनुपर्छ ।

(ञ) "सरकारी वा सार्वजनिक निकाय" भन्नाले यस प्रदेशका सरकारी वा सार्वजनिक निकायलाई सम्झनुपर्छ।

३. <u>आयोगको गठनः</u> (१) प्रदेश भित्रका कुनै सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले जाँचबुझ आयोग गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित आयोगमा अदालतको पूर्व न्यायाधीश वा प्रदेश सरकारका अधिकृतस्तर नवौं तह वा सो भन्दा माथिल्लो पदमा कार्यरत कर्मचारी अध्यक्ष र सम्बन्धित विषयका विज्ञ सदस्य रहने गरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछ ।

(३) आयोगको गठन सम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(४) आयोगका लागि आवश्यक जनशक्ति र बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(५) आयोगको अध्यक्ष तथा सदस्यको सुविधा प्रदेश सरकारले निर्धारण गर्नेछ ।

तर संघीय सरकारले जाँचबुझ गर्न जाँचबुझ आयोग गठन गरिसकेको विषयमा प्रदेश सरकारले जाँचबुझ आयोग गठन गर्न सक्ने छैन ।

४. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> (१) आयोगको काम, कर्तव्य र अधिकार आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र आयोगले जाँचबुझको काम सम्पन्न गरी प्रदेश सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ ।

(४) आयोगलाई देहायका कुरामा प्रचलित कानून बमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछः–

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक निकाय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) यस प्रदेशको क्षेत्राधिकार बाहिरका सरकारी वा सार्वजनिक निकायबाट पनि सूचना तथा प्रमाण झिकाउन सक्नेछ । यसरी प्रमाण झिकाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्नेछ,

(च) कुनै सार्वजनिक पदाधिकारीको विरुद्ध प्रमाण फेला परेमा तत्काल निज पदाधिकारीलाई निलम्बनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्नका लागि आयोगले उचित सम्झे बमोजिमको समय तोकी म्याद जारी गर्न सक्नेछ ।

(६) उपदफा (४) मा उल्लेख भएका अधिकारहरूका अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकार प्रयोग गर्न सक्नेछः–

(क) जाँचबुझको विषय सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित कानूनको अधिनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा प्रदेश सरकारको कुनै अधिकृतस्तरको कर्मचारीद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने ।

(ख) खण्ड (क) र उपदफा (४) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित कानून बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने ।

५. <u>साक्षीले आयोग समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्नेः</u> (१) कुनै व्यक्तिले साक्षीको रुपमा आयोग समक्ष व्यक्त गरेका कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरुद्ध प्रमाण समेत लगाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले आयोग समक्ष व्यक्त गरेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजान झुठ्ठा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६. **आयोगको अवहेलना र सजायः** (१) आयोगको काम कारवाहीमा बाधा पुऱ्याएमा आयोगको अवहेलना मानिनेछ ।

(२) आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगले अवहेलना ठहऱ्याएमा दश हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

तर आयोगलाई सन्तुष्ट हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ वा घटाउन सक्नेछ ।

७. **आयोगको विघटनः** (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि वा दफा ४ को उपदफा (३) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार विद्यमान भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सक्नेछ ।

८. **आयोगको कार्यविधिः** यो ऐन र यस ऐनअन्तर्गतका नियमहरूको अधीनमा रही आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

९. **आयोगको काम कारवाही गोप्य रहनेः** आयोगको सम्पूर्ण काम कारवाही गोप्य रहनेछ ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा विभिन्न जात जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध खलल पर्ने तथा मित्र राष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने विषय बाहेक प्रतिवेदनका अन्य अंशहरू प्रदेश सरकारले सार्वजनिक जानकारीका लागि प्रकाशन गर्न सक्नेछ ।

१०. **काम कारवाही बदर नहुनेः** आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको काम कारवाही बदर भएको मानिने छैन ।

११. **असल नियतले गरेको कामको बचाउ**: यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीको निमित्त प्रदेश सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन ।

१२. **आयोगको सदस्य राष्ट्रसेवक मानिने**: आयोगको अध्यक्ष, सदस्य र आयोगले नियुक्त गरेको वा काम गर्न अख्तियार दिएको प्रत्येक व्यक्तिलाई प्रचलित कानून बमोजिम राष्ट्रसेवक सरह मानिनेछ ।

१३. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले निम्न विषयमा नियमहरू बनाउन सक्नेछः-

(क) आयोगका सदस्यहरूको सेवाको शर्त तोक्ने,

(ख) आयोगले यस ऐनअन्तर्गत बनाउनु पर्ने जाँचबुझको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि व्यवस्थित गर्ने र

(ग) आयोगले प्रयोग गर्न पाउने अरू अधिकार तोक्ने।

प्रमाणीकरण मितिः२०७८।१२।१४

आज्ञाले,
उत्तम प्रसाद खरेल
निमित्त प्रदेश सचिव
कानून,न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय